गतिविधि

## प्रज्ञामा मोबाइल थिएटर



**काठमाडौं** : काठमाडौं प्रज्ञा कुञ्ज स्कुल, संगमचोकमा माघ २० गतेदेखि सुरु भएको मोबाइल थिएटर माघ २४ गते सकिएको छ। यसअन्तर्गत पहिलो दिन स्कुलका कक्षा पाँचका विद्यार्थीले नाटक 'पहेँलो बस' मञ्चन गरे। दोस्रो दिन कक्षा चारको नाटक 'उज्यालोतिर' मञ्चन भएको थियो भने तेस्रो दिन कक्षा तीनका विद्यार्थीले 'भोला' प्रस्तुत गरे। त्यसैगरी चौथो अर्थात् अन्तिम दिन कक्षा ६ र ७ का विद्यार्थीले प्रस्तुत गरेका नाटक 'ब्युटी इज अ बिष्ट'सँगै नाटक मञ्चन समापन भयो। विद्यालयले अघिल्ला वर्षहरूमा 'शिशिर वसन्त', भीमनिधि तिवारीले लेखेको 'माटोको माया' मञ्चन गरिसकेको थियो। यस पटक भने रंगमञ्च नै विद्यालयमा ल्याएर नयाँ अवधारणामा काम गर्न खोजिएको नाटकका निर्देशन टंक चौलागाईले बताए। हरेक विद्यार्थीले रंगमञ्चको अनुभव आर्जन गरून् भनेर थिएटरलाई कक्षा कोठाभित्रै समावेश गरिएको विद्यालयकी प्रिन्सिपल सुनिता पौडेलले बताइन्। राजकुमार पुडासैनीले बाल्मीकि क्याम्पसबाट सुरु गरेको मोबाइल थिएटर देशका केही भागमा पुगेर प्रज्ञा कुञ्जमा आइपुगेको हो।

## माफको छात्रा भलिबल



**काठमाडौं** : म्युचल एकेडेमिक एक्टिभिटिज फोरम (माफ) को आयोजनामा भएको छात्रा भलिबल प्रतियोगिताका विजयीलाई पुरस्कार वितरण गरिएको छ। माफका अध्यक्ष राजु राई, राष्ट्रिय खेलकुद परिषद्‌का सदस्यसचिव केशवकुमार विष्ट तथा क्याम्ब्रिजकी संस्थापक प्रिन्सिपल रीता राई दाहालले ट्रफी, पदक र प्रमाणपत्र वितरण गरे। क्याम्ब्रिज स्कुलमा आयोजना गरिएको प्रतियोगितामा माफका १४ सदस्य विद्यालयका खेलाडीले भाग लिएका थिए। प्रतियोगिताको फाइनलमा ल्यान्डमार्क स्कुलले क्याम्ब्रिज स्कुललाई पराजित गरेको थियो।

## नयाँ विद्यार्थीलाई स्वागत



**भक्तपुर** : युरो किड्स सल्लाघारीमा नयाँ भर्ना भएका साना केटाकेटीलाई हिन्दु परम्पराअनुसार टीका तथा प्रसाद दिएर स्वागत गरिएको छ। केटाकेटीलाई विद्यालयको प्रवेशसँगै नेपाली संस्कृति र परम्परा सिकाउन त्यसो गरिएको विद्यालयकी संस्थापक प्रिन्सिपल ज्योति बस्नेत क्षेत्रीले बताइन्। 'विद्यालय प्रवेश गरेको दिन केटाकेटीको लागि स्मरणयोग्य दिन रहोस् भन्ने विद्यालयको उद्देश्य हो', उनले भनिन्।

## नोबेलको अभिभावक दिवस




**काठमाडौं** : नोबेल एकेडेमी उमावि, बानेश्वरले नेपाल प्रज्ञा प्रतिष्ठानमा अभिभावक दिवस मनाएको छ। कक्षा १ देखि १० सम्मका विद्यार्थी सहभागी कार्यक्रममा विद्यालयका प्राचार्यले विद्यालयको आगामी दिनमा हुने गतिविधिका बारेमा बताए। कार्यक्रममा विभिन्न क्षेत्र, भाषा र धर्म समेट्ने गायन र नृत्यका साथमा बाँसुरी, मादल र गितारको धुन प्रस्तुत गरियो। कार्यक्रमको अन्त्यमा शिक्षक तुलसी पराजुलीको लोकगायनले सबैलाई नचायो। कार्यक्रममा प्राचार्यलगायत निर्देशकहरूबाट खादा ओढाएर शिक्षक एवं कर्मचारीलाई सम्मान पनि गरियो।

## बालबालिकालाई सहयोग

**ललितपुर** : जिल्ला बालकल्याण समिति ललितपुरले गत वर्ष विनाशकारी भूकम्पपश्चात् जिल्लाका जोखिममा परेका एक हजार ७५ बालबालिकालाई आपत्‌कालीन सहयोगअन्तर्गत शैक्षिक सहयोग र पारिवारिक संरक्षण प्रदान गरेको छ। यसैलाई निरन्तरता दिँदै समितिले दुई सय ४३ जना अत्यन्तै जोखिममा परेका बालबालिकाको संरक्षणका लागि शैक्षिक, स्वास्थ्य, मनोसामाजिक, कानुनी र वैकल्पिक स्याहार चाहिएका बालबालिकाको घटना व्यवस्थापन गरिरहेको छ। समितिले एक सय ५० जना उच्च जोखिममा रहेका बालबालिकालाई घटना व्यवस्थापन प्रक्रियामार्फत नगद पाँच हजार रुपैयाँका दरले र मानवीय सहयोग स्वरूप ५० जना जोखिममा रहेका अलगअलग बालबालिकालाई प्रतिव्यक्ति पाँच हजार रुपैयाँका दरले सहयोग वितरण गरेको छ। साथै बालबालिकाको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय तथा संस्थाहरूको सहकार्यमा जोड दिन समितिले स्रोत नक्सांकन कार्य गरी बालबालिकाको समस्या समाधान गर्न सिफारिस प्रणालीमा कार्य गर्ने जनाएको छ।

## नृत्य प्रतियोगिता



**भक्तपुर** : चखुँ प्रकाश समूहको तेह्रौं स्थापना दिवसको उपलक्ष्यमा गत शनिबार भक्तपुर जिल्लाव्यापी विद्यालयस्तरीय तेस्रो नृत्य प्रतियोगिता आयोजना गरिएको छ। जम्मा १३ विद्यालयले भाग लिएका प्रतियोगितामा नवरत्न इङ्लिस स्कुल दुईपोखरी मध्यपुर ठिमी प्रथम, मोर्डन उच्च मावि दधिकोट द्वितीय र आदर्श जनप्रेमी स्कुल कौशलटार तृतीय भएका थिए। उत्कृष्ट भेषभूषा जेन्युइन इङ्लिस स्कुल भक्तपुर, उत्कृष्ट शृंगार क्वालिटी इङ्लिस स्कुल नगरकोटफेदी, उत्कृष्ट नृत्य निर्देशक नवरत्न इङ्लिस स्कुलका समिर प्रजापति भएका थिए। कार्यक्रमका प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य प्रतिष्ठानका उपकुलपति शम्भुजित बाँस्कोटाले विजयीलाई पुरस्कार प्रदान गरे।

## अन्तरविद्यालय चित्रकला




**काठमाडौं** : ओलम्पिया वर्ल्ड स्कुल बबरमहलको आयोजनामा भएको छैटौं ओलम्पिया अन्तरविद्यालय चित्रकला प्रतियोगिताका विजयीलाई इन्टरनेसनल वाटरकलर सोसाइटीका अध्यक्ष एनबी गुरुङ, भक्तपुर आर्टिस्ट ग्रुपका अध्यक्ष आशाराम खाइजू तथा चिलीबाट आएका चित्रकलाका स्वयंसेवक शिक्षक लुइस अलफान्सो मोन्जेले विजयीलाई पुरस्कार वितरण गरे। प्रतियोगिताको कक्षा १ देखि ३ सम्मको समूहमा न्यु लिराका मन्देश भुजेल, न्यु लिराकै विवेक बराल तथा पुष्पवाटिकाका आर्यन नेपाल, पहिलो, दोस्रो र तेस्रो भए। यसैगरी कक्षा ४ देखि ६ सम्मको समूहमा पुष्पवाटिकाकी दीपिका राई, लर्नर्स एकेडेमीका सुशन जाती, ग्लाडस्टोनकी दीक्षा गोस्ती पहिलो, दोस्रो र तेस्रो भए भने मेरीगोल्डका मिलन थापाले सान्त्वना पुरस्कार पाए। यसैगरी कक्षा ७ देखि १० सम्मको अर्को समूहमा लर्नर्स एकेडेमीका अनिश धोजु, मेरीगोल्डका सम्राट् पाण्डे, नवरत्नकी अञ्जु प्रजापति पहिलो ,दोस्रो र तेस्रो भए भने नेक्ससका प्रसिद्ध सञ्जेलले सान्त्वना पुरस्कार पाए।

## काठमाडौं भ्यालीमा दिवस




**काठमाडौं** : म्युजियम रोड छाउनीमा रहेको काठमाडौं भ्याली स्कुलको वार्षिक दिवस मनाइएको छ। विद्यार्थीद्वारा विभिन्न सांस्कृतिक प्रस्तुति दिइएको कार्यक्रममा विद्यालयका प्रिन्सिपल तथा अतिथिहरूले विद्यालयको पढाइका साथै अतिरिक्त क्रियाकलापका उत्कृष्ट विद्यार्थीलाई पदक तथा प्रमाणपत्र वितरण गरे। कार्यक्रममा कक्षा एलकेजीका प्रणव वज्राचार्य र कक्षा ४ का प्रभास वज्राचार्य सबैभन्दा बढी पुरस्कार पाउने विद्यार्थी थिए।

## अन्तरविद्यालय बास्केटबल



**काठमाडौं** : दक्षिण भेगमा रहेको राराहिल इन्टरनेसनल स्कुलको आयोजनामा भएको १०औं राराहिल अन्तरविद्यालय छात्र बास्केटबल प्रतियोगितामा उत्कृष्ट भएको कमल माविको बास्केटबल टिमलाई विद्यालयमा स्वागत तथा सम्मान गरिएको छ। विद्यालयका संस्थापक प्रिन्सिपल रामकृष्ण तण्डुकारले उत्कृष्ट भएको टिम तथा विद्यार्थीलाई विद्यालयको एसेम्ब्लीमा स्वागत गर्नुका साथै सामूहिक बधाई दिएका थिए।